सिद्धार्थनगर नगर पालिका
सिद्धार्थनगर
दर्ता नं. ६६६४
मिति २०७०।८।२६

मिति: २०७०।०८।२६

श्रीमान कार्यकारी अधिकृत ज्यु

सिद्धार्थननगर नगरपालिका कार्यालय, सिद्धार्थनगर ।

विषयः आ.ले.प. प्रतिवेदन पेश गरेको ।

महोदय,

उपरोक्त विषयमा नम्र निवेदन यो छ की मलाई यस कार्यालयको आन्तरीक लेखापरीक्षण गर्न खटाईएकोमा आ.व.२०७०।०७१ को प्रथम चौमासीक अवधिको आन्तरीक लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन यसै साथ संलग्न गरी पेश गरेको ब्यहोरा अनुरोध छ ।

विवेक खनाल

वरिष्ठ अधिकृत

सि.न.पा. कार्यालय,सिद्धार्थनगर

राजश्व तर्फ :

प्रत्येक महिनाको ७ गते भित्र दाखिला हनु पर्ने नगरपालिकाको पसल कवल तथा जग्गाको भाडा देहाय बमोजिमका व्यक्ती तथा संस्थाको अशुल हुन वाँकी देखिन्छ ।

१. कार्यालय अगाडी कवल नं.४ महवुव आलमको कार्तिक महिनाको रु ३०००।– अशुल हुन वाँकी ।

२. नेपाल लेखापढी कानून व्यवसायी एशोसियशनको मासिक रु ३०००।–का दरले श्रावण देखि कार्तिक सम्मको रु १२०००।– प्राप्त हुन वाँकी ।

३. बेलहिया जीप पार्कमा बेल वहादुर गुरुङ्गको कार्तिक महिनाको भाडा रु ८८०।– अशुल हुन वाँकी ।

४. ,, ,, ,, कमला वस्नेतको कार्तिक महिनाको रु ६६०।–अशुल हुन वाँकी ।

५. ,, ,, ,, रामुचन्दको श्रावण देखि कार्तिक सम्मको रु ८८०।– का दरले रु ३५२०।– वाँकी ।

६. आशा पौडेल मासिक रु ७७०।– भाडा भएकोमा यस आ.व.मा सम्झौता नविकरण गर्न नआएकोले सम्झौता नविकरण गरी बक्यौता अशुल गर्नु पर्ने ।

७. मिठुलाल खत्री मासिक रु १६५०।–का दरले भाद्र देखि कार्तिक सम्मको तीन महिनाको रु ४९५०।– अशुल हुन वाँकी ।

८. सालु राई मासिक रु २५०।–का दरले भाद्र देखि कार्तिक सम्मको रु ६६०।– अशुल हुन वाँकी ।

९. रामप्यारी थापाको मासिक रु ११००।–का दरले भाद्रदेखि कार्तिक सम्मको रु३३००।–वाँकी ।

१०. धन वहादुर गुरुङ्गको कार्तिक महिनाको रु १३००।–वाँकी ।

११. राम थापाको श्रावण देखि कार्तिक सम्मको रु १३२०। का दरले रु ५२८०।– अशुल हुन वाँकी ।

१२.बेलहिया गाउँ समाजको पार्किङ्ग शुल्क वापत मासिक रु २८०००।–का दरले रु ५६०००।–अशुल हुन वाँकी ।

- नगर क्षेत्र भित्र स्थापना भई संचालनमा रहेका केही वाणिज्य बैंक तथा विकाश बैंक र अधिकाशं सहकारी संस्थाहरु नगरपालिकामा दर्ता भएको पाईएन । ती संस्थाहरुलाई दर्ताको लागि पहल गर्नु पर्ने देखिन्छ ।
- भाडामा रहेका सरकारी तथा अर्धसरकारी निकायहरुको लगत लिई वहाल करको लागि पहल गर्नु पर्ने देखिन्छ ।

वरिष्ठ अधिकृत

- १५. नगरमा संचालित चलचित्र भवनहरु बाट निर्णयानुसार मनोरन्जन कर दाखिला नभएकोले रकम एकिन गरी दाखिला गर्नु पर्ने ।
- १६. व्यवसाय करको बक्यौता बढी भएका व्यवसायीहरुलाई पत्राचार गरी अशुल गर्नु पर्ने ।

एकिकृत सम्पत्तिकर

- यु.सि.एम.एस. को गत आ.व.को रु.४२४८११।२५ र यस आ.व.को रु.३३५८७६।८७ गरी जम्मा एकिकृत सम्पत्तीकर रु ७६०६८८।१२ तथा बक्यौता घर जग्गा कर रु. ५०७९८८७५४ गरी कुल जम्मा रु ५८,४०,५७५।६६ उठन बाँकी देखिएकोले अशुलिको लागि विशेष पहल गर्नु पर्ने देखिन्छ ।
- जग्गा खरिद विक्रीको रेकर्ड कार्यालयमा उपलब्ध हुन नसकेकोले मुल्लाङ्कन गर्न कठिनाई भएको देखिन्छ । मालपोत कार्यालयबाट मालपोतको (खरिद-विक्रीको) लगत चौमासीक रुपमा प्राप्तीको लागि पहल गर्नु पर्ने ।
- गत विगतको बक्यौता अशुल गर्नको लागि विजक पठाउने व्यवस्था गर्नु पर्ने ।

चालु खर्च तर्फ :

- गो.भौ.नं. ४६, गौरी जनरल अर्डर सप्लायर्स सि.न. लाई छपाई कार्यको रु ९५५६९।७५ भुक्तानी भएको देखिन्छ । नगरमा छपाई कार्य गर्ने आधुनिक अफसेट प्रेस हुँदा हुदै अलग किसिमको कारोवार गर्ने फर्महरु संग कारोवार गर्दा लागत बढने हुनाले सम्वन्धित फर्महरु संग मात्र कारोवार गर्नु पर्ने देखिन्छ ।
- गो.भौ. नं. ८, दुर्गा पुजामा गाडी पुजा गर्नको लागि प्रत्येक गाडीको लागि अलग अलग खर्च लेखिएकोमा एक मुष्ठ निकासा गरेर सामुहिक पुजा गरेमा कम खर्चमा प्रभावकारी हुने देखिन्छ ।

पूँजीगत खर्च तर्फः

स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय निकाय आ.प्र. नियमावली २०६४ मा विकास निर्माणका कार्यहरु अमानतमा गर्ने प्रापधान हटाईएको भएता पनि केही कार्यहरु अमानतमा भएको देखिएकोले अमानतमा काम गर्ने परिपाटीलाई निरुत्साहित गर्नु पर्ने देखिन्छ ।

- गे.भौ.नं.६२, वडा नं. ३ र ११ को विभिन्न स्थानमा छरी पाटने कार्यको लागि अमानत बाट रु २,९७,६६६।– भुक्तानी भएको दखिन्छ । कुन सडक ,कहाँ देखि कँहा सम्म उल्लेख भएको छैन ।
- गो.भौ.नं.७२ जिल्ला अतिथी गृहमा सेड घर निर्माणको लागि ल.ई. रु ३,४१,००९।२३ स्वीकृत भएकोमा अमानतबाट कार्यादेश भई रु ३,२८,९२९।४२ भुक्तानी भएको देखिन्छ ।
- गो.भौ.नं. ६, मस्टररोल भर्दा फाराममा व्यवस्था भए अनुसारको विवरण पुरा भर्नु पर्ने देखिन्छ ।

वरिष्ठ अधिकृत

सिद्धार्थनगर नगरपालिका कार्यालय
सिद्धार्थनगर
२०४०

धरौटी तर्फः

- बैंक स्टेटमेन्ट अनुसार अन्तिम मौजदात रु ५२,५६,२३०।३३ वाँकी देखिन्छ भने बैंक नगदी किताव अनुसार अन्तिम मौजदात रु ५०,७८,३९८।३३ वाँकी देखिन्छ । फरक रु १,७७,८३२।– मध्ये चेक नं. ००८२८४५ को रु ११२४३५।–भुक्तानी नगएको देखिन्छ भने वाँकी रु ६५,३९७।– को भौचर प्राप्त हुन वाँकी देखिन्छ । प्राप्त हुन वाँकी के वापतको धरौटी हो एकिन गरी आम्दानी वाँध्नु पर्ने देखिन्छ ।

जिन्शी तर्फ :

- जिन्शीको सफ्टवेयर जडान भएकोमा पर्याप्त प्रशिक्षणको अभावमा डाटा ईन्ट्री गर्न समस्या भएको पाईएकोले सफ्टवेयर कम्पनी संग तालिमको व्यवस्था मिलाउन पहल गर्नु पर्ने ।
- लु.१ द. ६५ र लु.२ प. १२९५ ट्रेक्टर वाहेकका अन्य सवारी साधनहरुले लगबुक भरेको पाईएन । स्थानीय निकाय आ.प्र. नियमावलीमा व्यवस्था भए बमोजिमको लगबुक भर्नु पर्ने देखिन्छ ।
- रसिद नियन्त्रण खाता राख्न गत विगतको अन्तिम लेखापरीक्षण प्रतिवेदनको सुझाव कार्यान्यन भएको नपाईएकोले वितरण गरिएका रसिदहरुको लगत राख्नु पर्ने देखिन्छ ।
- कतिपय सूचिकृत नभएका फर्महरु संग पनि कारोवार भएकोले टेण्डर भएका तथा सुचिकृत भएका संग मात्र कारोवार गर्नु पर्ने देखिन्छ ।
- पुराना भई काम नलाग्ने अवस्थामा रहेका कतिपय सवारी साधन जस्तैः दमकल, मोटरसाईकल तथा अन्य जिन्शी सामानहरुले अनावश्यक ठाउँ ओगटेको र क्रमिक रुपमा मुल्य समेत ह्रास हुँदै गईरहेकोले लिलाम व्यवस्था गर्नु पर्ने ।

आई.यु.डि.पी.तर्फ :

- एकिकृत शहरी विकास परियोजनाको चालु खर्च तर्फ नेपाल सरकारबाट प्राप्त १९% ले हुने रु ५,४३,०००।– ए.डि.बी. को ५१ % ले हुने रु १४५७०००।–र नगरपालिकाको ३० % ले हुने ८५७१४२।८६ मध्ये न पा बाट रु ५०००००।–मात्र निकासा भई कुल जम्मा चालु खर्च तर्फ रु२५०००००।–बजेट निकासा भएको देखिन्छ । त्यसै गरी पूँजीगत तर्फ नेपाल सरकारको २० % ले हुने अनुदान रु १५,००,०००।– र ए.डि.बी. को ८० % ले हुने रु ६०,००,०००।–समेत गरी जम्मा रु ७५,००,०००।– निकासा भएको देखिन्छ ।
- परियोजनामा खटिएका कर्मचारीहरुको श्रावण देखि कार्तिक सम्मको तलव न.पा.कार्यालयलाई भुक्तानी सोधभर्ना गर्नु पर्ने देखिन्छ ।

विवेक खनाल
वरिष्ठ अधिकृत
सि.न.पा. कार्यालय
वरिष्ठ अधिकृत

अनुसूची-७४

# सिद्धार्थनगर नगरपालिका कार्यालय, सिद्धार्थनगर

## आन्तरिक लेखापरीक्षण प्रतिवेदन

प्रतिवेदनको अवधि: मिति २०७०।०४।०१ देखि २०७०।०७।३० सम्म

कार्यालय प्रमुखको नाम: टीकादत्त राई    स्वीकृत वार्षिक बजेट : रु.२७४१२००००।३४

आ.प्र.शाखा प्रमुखको नाम: गणेश वहादुर क्षेत्री    आ.ले.प.शाखा प्रमुखको नाम: विवेक खनाल

| सि.नं. | गोश्वारा भौ.नं. | आ.ले.प. गर्दा देखिएको मुख्य व्यहोरा | नियमित गर्ने रकम रु | असुल गर्ने रकम रु | पेश्की रकम रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | म्याद नाघेको | म्याद ननाघेको | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

आ.ले.प. शाखा प्रमुखको दस्तखत:

मिति:

वरिष्ठ अधिकृत